"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.):
चलानी नं (Reg. No.):

मिति २०८०/०३/३१

## सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा ४ को उपदफा (१) मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने प्रावधान भए बमोजिम यस नगरपालिकाका १० वटै वडाहरु बाट सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भएर निवेदन दिई मिति २०८० भाद्र मसान्त भित्रमा अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउनु हुन सूचित गरिन्छ । उक्त मिति भित्र नवीकरण नभएका लाभग्राहीको नाम सामाजिक सुरक्षाको सूचीबाट स्वत: लाभग्राही बाट लगत कट्टा हुने र त्यस्ता लाभग्राहीले पुन सामाजिक सुरक्षा ऐन,२०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनुपर्ने प्रावधान समेत भएको व्यहोरा अनुरोध छ। आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा,बाबु,संरक्षक,माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले आवेदन दिन सक्नेछन्।

### सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आवश्यक कागजातहरु

- परिचय पत्र नवीकरणको निवेदन
- १ प्रति फोटो,
- नागरिकताको प्रतिलिपि वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,
- सामाजिक सुरक्षा परिचयपत्रको सक्कल प्रति,
- अपाङ्गता भएका लाभग्राहीको हकमा अपाङ्गता परिचयपत्र

**नोटः वडाबाट सामाजिक सुरक्षा परिचय पत्र नवीकरण गर्दा लाभग्राहीको फोटो र नागरिकताको स्क्यान कपि अनिवार्य रुपमा अपलोड गरी, नागरिकता नं. जारी मिति, तीन पुस्ते विवरण र मोबाइल नं.( नभएको अवस्थामा परिवारको अन्य वा वास्तविक संरक्षकको मोबाइल नं.) अनिवार्य रुपमा राख्ने ।**

रुद्रलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np